# मसलन्द सामान तथा क्यालेण्डर छपाइ सम्बन्धी बोलपत्र आव्हानको सूचना

(पहिलो पटक प्रकाशित मिति : २०७९।११।२६)

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, शाखा कार्यालय, नयाँ शाखा कार्यालय विस्तारका लागि विभिन्न मसलन्द सामान तथा संस्थाको प्रचारप्रसारको लागि क्यालेण्डर छपाई गर्नुपर्ने भएकाले अनुभवी इच्छुक व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ औं दिनको ११:०० बजे भित्र पेस गर्न शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं ८ पोखराबाट रु.१,०००।- (पछि फिर्ता नहुने) जम्मा गरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। सो सम्बन्धी शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ। यस सम्बन्धी थप जानकारीको लागि कार्यालय समयभित्र सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

१) बोलपत्र निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो संस्थाले तोकेको अनुसारको कामको दर रेट (BOQ) खुलाई, आफुले कवोल गरेको रकमको घटीमा २.५ प्रतिशत (दुई दशमलव पचास ) ले हुने रकमको माथिल्लो पाँच सय वा हजार अंक पुऱ्याई धरौटी वापत यस संस्थाको राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय बागलुङमा रहेको खाता नं. ३३७०१००००८३४००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा ९० दिन म्याद भएको अन्य “क” वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड बोलपत्र साथ संलग्न गर्नुपर्नेछ।

२) सम्वन्धित व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क.दर्ता प्रमाणपत्र तथा स्थाई लेखा नम्बर (पान) प्रमाणपत्र, आ.व.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र कार्य अनुभव पेश गर्नुपर्नेछ।

३) बोलपत्र पेश गर्दा संस्थाले उपलब्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) संस्थामा पेश गर्नु पर्नेछ। बोलपत्र फारामको अगाडी भागको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी फर्मको छाप समेत लगाएको हुनु पर्नेछ।

४) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले ३० दिन भित्र पुरा गरी संस्थालाई हस्तान्तरण गरी दिनु पर्नेछ।

५) उपरोक्त कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र संस्थाको प्राविधिकको स्वीकृतिमा मात्र प्रयोग गर्नु पर्नेछ।

६) सार्वजनिक खरिद कानून बमोजिम कालो सूचीमा परेको कम्पनी तथा प्रचलित कानून बमोजिम गलत कार्य गरी कार्वाहीमा परेकाले बोलपत्रमा सहभागी हुन पाईने छैन।

७) कार्यालयले तोकेको मितिमा बोलपत्र खोल्ने समयमा सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खोल्ने दिनलाई नै आधिकारिक मिति मानिने छ।

८) बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर बाहेकको दर पेश गर्नुपर्नेछ।

९) बोलपत्र फाराममा उल्लेखित सम्पूर्ण आईटमहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। आंशिक रुपमा भर्न पाईने छैन।

१०) यस सम्बन्धमा अन्य विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

**बोलपत्र प्राप्त गर्ने स्थानः- सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को केन्द्रिय कार्यालय, पोखरा ।**
**बोलपत्र खरिद गर्ने अन्तिम मितिः- २०७९/१२/१० गते शुक्रबार कार्यालय समयभित्र ।**
**बोलपत्र दाखिला गर्ने अन्तिम मितिः- २०७९/१२/१२ गते आइतबार कार्यालय समयभित्र ।**
**बोलपत्र दाखिला गर्ने स्थानः- सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को केन्द्रीय कार्यालय, पोखरा ।**
**बोलपत्र खोल्ने मिति र स्थानः- २०७९/१२/१३ गते सोमवारका दिन दिनको २:०० बजे संस्थाको केन्द्रीय कार्यालय, पोखरा ।**


## सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड
## Cyc Nepal Laghubitta Bittiya Sanstha Ltd.

**नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको ईजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको)**

ठेगानाः पोखरा महानगरपालिका वडा न. ८ सभागृहचोक पोखरा, नेपाल

सम्पर्कः ०६१-५९०८९४, ०६१-५९०८९५ ईमेलः info@cycnlbsl.org.np, वेभसाईटः www.cycnlbsl.org.np